# महिलाहरूको समान सहभागिताका लागि प्रतिबद्धताहरूको कार्यान्वयन

**इयान मार्टिन, नेपालका लागि संयुक्त राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधि**

नेपालमा शान्ति प्रवर्धनको काममा महिलाको भूमिका पनि पुरुष सरह नै छ । तर अहिलेसम्म पनि अधिकांश अवस्थामा त्यस्तो भएको छैन । संसद, सरकार, राजनीतिक दलहरू, निजामती सेवा, न्यायालय, नागरिक समाजको नेतृत्व र परम्परागत रूपमा सीमान्तीकृत समूहका आन्दोलन - सबैतिर महिलाहरूको प्रतिनिधित्व कम छ । समावेशी र लोकतान्त्रिक समाजको निर्माण र शान्ति प्रवर्धन गर्ने गहन राष्ट्रिय प्रयासमा नेपालले आफ्नो सबैभन्दा ठूलो सम्पत्तिका रूपमा रहेका जनताको पूर्ण उपयोग गर्न सकेको छैन । शान्ति प्रक्रियाका समुदाय तहदेखि राष्ट्रिय तहसम्मकै महत्वपूर्ण भूमिकामा अझै धेरै महिलाहरूलाई स्थान दिनु अत्यावश्यक छ ।

विस्तृत शान्ति सम्झौताका लागि भएको वार्ताका क्रममा त्यसका सम्बद्ध पक्षहरूले महिलामाथि हुने सबै प्रकारका भेदभाव तथा वर्ग, जाति, भाषा, संस्कृति, धर्म र क्षेत्रका आधारमा गरिने भेदभावलाई निर्मूल गर्ने अन्तर्राष्ट्रिय कानुनद्वारा सिर्जित दायित्वमा पुनःप्रतिबद्धता जनाएका थिए । सबै सार्वजनिक नियुक्तिहरूमध्ये ३३ प्रतिशतमा महिला नियुक्ति गर्ने २०६३ जेठ महिनामा संसदबाट गरिएको घोषणा ती प्रतिबद्धताहरू कार्यान्वयन गर्नेतर्फ चालिएको महत्वपूर्ण कदम हो । विस्तृत शान्ति सम्झौताको प्रावधान ७.६ मा महिला अधिकारको विशेष रूपमा रक्षा गर्ने र महिला विरुद्ध हुने हिंसा रोक्नका लागि तुरुन्त कदम चाल्ने कुरा विशेष रूपमा उल्लेख गरिएको छ । यी महत्वपूर्ण निर्णय हुन् तर हालसम्म तिनले महिलाका लागि खासै ठूलो परिवर्तन र फाइदा पुऱ्याएका छैनन् ।

शान्ति प्रक्रियाका क्रममा भएका सबै जसो सम्झौता वार्ताका टेबलमा मैले एक पटक पनि एक जना महिला देख्न पाएको छैन । शान्ति प्रक्रियामा अहिलेसम्म पनि महिलाका लागि पुरुषहरूले निर्णय लिइरहेका छन् । आफ्नो जीवनमा सिधै असर गर्ने कुराको निर्णय प्रक्रियामा समेत महिलाहरूले सहभागी हुन पाएका छैनन् ।

कहिलेकाहीँ मलाई मानिसहरू अन्मिनले किन महिला वा दलित, मधेसी र जनजाति जस्ता परम्परागत रूपमा सीमान्तीकृत समूहका पुरुष तथा महिलाको सहभागिताका बारेमा बढी चासो लिन्छ भन्ने प्रश्न सोध्छन् । यसका पछाडि तीन वटा स्पष्ट कारणहरू छन् ।

पहिलो त राष्ट्रसंघले गर्ने सबै कामको अन्तर्निहित सिद्धान्त अविभेदकारी सिद्धान्त हो र अन्मिन लगायत नेपालस्थित सबै राष्ट्रसंघीय निकाय समक्ष आ-आफ्ना कार्यादेश र दायित्व पूरा गर्दा सबै प्रकारका भेदभावलाई अन्त्य गर्नका लागि सक्रियतापूर्वक काम गर्नुपर्ने उत्तरदायित्व छ ।

दोस्रो, अन्मिनका सन्दर्भमा, सुरक्षा परिषद्ले अन्मिनलाई कार्यादेश दिँदा शान्ति तथा निर्वाचन प्रक्रियामा महिला, बालबालिका तथा परम्परागत रूपमा सीमान्तीकृत समूहका व्यक्तिहरूका आवश्यकताका बारेमा विशेष रूपमा ध्यान दिन निर्देशन दिएको छ । यो सन् २००० मा सुरक्षा परिषद्ले पारित गरेको प्रस्ताव १३२५ को निरन्तरता हो, जसमा सदस्य राष्ट्रहरूले पहिलो पटक द्वन्द्वबाट पुरुष र बालकहरूलाई भन्दा महिला तथा बालिकाहरूलाई फरक खालको असर पर्ने कुरालाई स्वीकार गर्दै शान्ति प्रक्रियामा ती समस्यालाई सम्बोधन गर्नका लागि धेरै सुझाव दिएका थिए । प्रस्ताव १३२५ को एउटा महत्वपूर्ण तत्व समाजका सबै तहमा शान्ति प्रक्रियाको निर्णय प्रक्रियामा महिलालाई सहभागी बनाउनु हो ।

तेस्रो चाहिँ, माथिका दुई वटा बुँदासँग सम्बन्धित छ । नेपालमा शान्ति प्रक्रियालाई सफल बनाउनका लागि यस प्रक्रियामा सबै क्षेत्रका नेपालीहरूलाई परिचालित गर्न अत्यावश्यक छ भन्ने स्पष्ट छ । नेपालको जनसङ्ख्यामा आधाभन्दा बढी सङ्ख्यामा रहेका महिला तथा बालिकालाई यस प्रक्रियाबाट अलग राख्नु भनेको यो प्रक्रियालाई नै कमजोर बनाउनु हो । त्यसमाथि महिलाहरूको अनुभव, ज्ञान, सीप र ऊर्जा त्यस्तो स्रोत हो जुन नेपालको लोकतान्त्रिक रूपान्तरणका लागि अत्यावश्यक छ ।

केही दिन अघि मैले विभिन्न जिल्लाबाट आएका महिला अधिकारकर्मीहरूका राष्ट्रिय भेलाहरूमा भाग लिने मौका पाएको थिएँ । तीमध्ये पहिलो भेला महिला अधिकारकर्मीहरूको राष्ट्रिय सञ्जालको आयोजनामा भएको थियो र दोस्रो दलित महिला संघद्वारा आयोजना गरिएको थियो । शान्ति प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्न यस्ता कार्यक्रममा संलग्न रहेका तथा राजनीतिक दल एवम् अन्य संघसंस्थामा सम्बद्ध अन्य धेरै महिला सक्षम छन् भन्ने कुरामा मलाई कुनै शङ्का छैन । यस वर्षको सेप्टेम्बर महिनामा नेपालको महिला आन्दोलनले यस्ता ३,००० महिलाहरूको सूची सार्वजनिक गर्‍यो जो संविधानसभामा उम्मेदवार बन्ने लगायत शान्ति तथा निर्वाचनको प्रक्रियामा उत्तरदायीपूर्ण पद सम्हाल्न योग्य छन् । पद सम्हाल्न योग्य महिला पाइँदैनन् भनेर राजनीतिक दल वा सङ्गठन वा परम्परागत रूपमा सीमान्तीकृत समूहसँग सम्बन्धित आन्दोलनले बहाना बनाउने कुनै ठाउँ बाँकी छैन ।

शान्ति प्रक्रियालाई सुदृढ गर्नका लागि चाल्नुपर्ने कदमहरूमध्ये सम्झौताहरूको कार्यान्वयन गर्नु पनि हो भनेर मैले बारम्बार भन्दै आएको छु । हालैका वार्ताहरूमा राजनीतिक दलहरूले यस कुरालाई स्वीकार गरेका छन् । कार्यान्वयन गर्नुपर्ने प्राथमिकताहरूमध्ये महिला समानताको प्रतिबद्धता पूरा गर्नु एवम् शान्ति तथा निर्वाचन प्रक्रिया लगायत सबै सार्वजनिक निकायमा महिलाहरूको प्रतिनिधित्व र सहभागितालाई उच्च प्राथमिकता दिनु पनि हुन् । महिलाहरूको बृहत् सहभागिताले नेपालको शान्ति प्रक्रियालाई सुदृढ बनाउन सहयोग गर्छ ।